# जिल्ला समन्वय समितिको कार्यालय

सिद्धार्थनगर,रुपन्देही
लुम्बिनी प्रदेश

**फोन नं. ०७१-५७१४२३**
**ईमेल:** *rupandehi.ddc@gmail.com*


प.सं. २०८०/८१
च.नं. ४४८

मितिः२०८१।०१।२०
ने.सं.११४४ चौलागा ८ बिहिबार

विषयः निर्णय पठाइएको सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,
रुपन्देही ।

प्रस्तुत विषयमा मिति २०८१।०१।१० गते मर्चवारी गाउँपालिकामा सम्पन्न पन्ध्रौं घुम्ती बैठकको निर्णय आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.......................
कमल ज्ञवाली
जिल्ला समन्वय अधिकारी

बोधार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश राप्ती उपत्यका (देउखुरी) दाङ्ग ।

मिति २०८१।०१।१० गते बसेको घुम्ती बैठकका निर्णयहरु :

१. रुपन्देही जिल्लामा छाडा चौपाया व्यवस्थापन एक साझा समस्याको रुपमा रहेको र बर्दिया जिल्लामा छाडा चौपाया व्यवस्थापनको उदाहरणीय कार्य भएको भन्ने जानकारी प्राप्त भएको हुँदा वर्दिया जिल्लामा भएको छाडा चौपाया व्यवस्थापन कार्यको अध्ययनका लागि प्रत्येक स्थानीय तहहरु र सरोकारवाला निकायहरुको समेत सहभागिता हुने गरी समूह बनाई मिति २०८१ वैशाख २७ गते अध्ययन भ्रमणको लागी बर्दिया जाने निर्णय गरियो ।

२. प्रत्येक स्थानीय तहहरुमा महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि तयार भएको दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को १२.५ वमोजिमको कार्ययोजना कार्यान्वयन स्थानीय समितिका साथै ११.५ बमोजिमको पिडित तथा प्रभावित महिला तथा वालवालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमितिवारे जानकारी गराउदै उल्लेखित समिति तथा उपसमिति २०८१ वैशाख मसान्तसम्म गठन गरी सोको जानकारी जिल्ला निर्देशक समिति (जिल्ला समन्वय समिति) मा पठाउने निर्णय गरियो ।

३. स्थानीय तहले आगामी आ.व. को लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तह एक्लै वा दुई वा दुई भन्दा बढी स्थानीय तह मिलि कम्तिमा एउटा वारुणयन्त्र खरिदको कार्यक्रम समावेश गर्ने निर्णय गरियो ।

४. २०८१ जेठ ९ गते संघ तथा प्रदेश सरकारमा प्रतिनिधित्व गर्ने मन्त्री, प्रतिनिधी सभा सदस्यतथा प्रदेश सभा सदस्यहरुको उपस्थिती र स्थानीय तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको सहभागितामा जिल्लाका स्थानीय तहबाट चालु आ.व. को नौ महिनाको अवधिमा भए गरेका कार्यहरुको समिक्षाका साथै स्थानीय तहका एकल तथा सामूहिक समस्या तथा योजनाका सम्बन्धमा छलफल गर्नेगरी समिक्षा कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।